# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन

पत्र संख्या: ०८३।८४
चलानी नं.

बागमती प्रदेश, नेपाल

मिति: २०८३।०४।२६
ने.सं. ११४६ दिल्लागा, चतुर्दशी

## सूर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन, २०६८ को कार्यान्वयन सम्बन्धी सार्वजनिक सूचना।

यस खैरहनी नगरपालिका अन्तर्गत रहेका सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालय, विद्यालय, कलेज, स्वास्थ्य संस्था, होटल, रेष्टुरेन्ट, सार्वजनिक यातायात, व्यापारिक प्रतिष्ठान तथा सार्वजनिक स्थलहरूमा सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन, २०६८ वमोजिम धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन, विक्री वितरण र प्रचारप्रसार नियन्त्रण गर्न/गराउन सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**ऐनमा भएको व्यवस्था अनुसार देहायका कार्यहरू गर्न पूर्ण रूपमा मनाही गरिएको छ:**

- कुनै पनि सार्वजनिक स्थलमा धुम्रपान तथा सूर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन।
- १८ वर्ष मुनिका बालबालिकालाई सूर्तीजन्य पदार्थ (चुरोट, गुट्खा, ई-सिगरेट, भेप आदि) बिक्री-वितरण गर्न/गराउन निषेध गरिएको छ।
- विद्यालय, कलेज, स्वास्थ्य संस्था, बालबालिका तथा ज्येष्ठ नागरिक गृहको वरिपरि १०० मिटर क्षेत्रभित्र सूर्तीजन्य पदार्थको बिक्री-वितरण गर्न पाइने छैन।
- सूर्तीजन्य पदार्थको कुनै पनि प्रकारको विज्ञापन, प्रचार-प्रसार वा प्रायोजन गर्न निषेध गरिएको छ।
- चुरोट, बिँडी वा सिगारको फुटकर (खिल्ली) बिक्री-वितरण गर्न निषेध गरिएको छ।
- सम्पूर्ण सार्वजनिक निकाय तथा संस्थाहरूले आफ्नो परिसरमा स्पष्ट रूपमा देखिने गरी **"धुम्रपान तथा सूर्तीजन्य पदार्थ निषेधित क्षेत्र"** सम्बन्धी सूचना बोर्ड अनिवार्य रूपमा राख्नुपर्नेछ।

**नोट:** विद्यालयको पोशाकमा रहेका विद्यार्थीहरूलाई जुनसुकै उमेरका भए तापनि सूर्तीजन्य पदार्थ, ई-सिगरेट वा भेप बिक्री-वितरण नगर्न/नगराउनुहुन सम्पूर्ण व्यवसायीहरूमा हार्दिक अनुरोध गरिन्छ।

उल्लिखित नियम तथा प्रावधानहरूको उल्लंघन गरेमा वा गराइएमा ऐन तथा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

(राजु बानियाँ)
**नि. प्रमुख प्रशासकीय अधिकृत**

Contact: 056-583709 email: info@khairahanimun.gov.np website: www.khairahanimun.gov.np

Scanned with CamScanner